## निर्णयहरु

१. मर्स्याङ्दी गाउँपालिका भित्रका बजारहरुलाई व्यवस्थित रुपमा सञ्चालनका लागि बजार अनुगमनको काम फागुनको दोस्रो हप्ता देखि शुरु गर्ने निर्णय गरियो । उक्त अनुगमनमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाको वडा अध्यक्ष, उद्योग वाणिज्य संघ खुदीको अध्यक्ष अथवा सचिव,खुदी प्रहरी चौकीको ईन्चार्ज र आवश्यक पर्दा अन्यलाई पनि सहभागी गराउने निर्णय गरियो ।

२.यस गाउँकार्यपालिकाले यस अघि निर्धारण गरेको वालुवा,ढुङ्गा,गिट्टि जस्ता सामानको करलाई व्यवस्थि गर्न निम्नं उपायहरु अवलम्वन गर्ने निर्णय गरियो ।

- अनुगमनलाई कडाई गर्दै रसिद काटने कामलाई सहज बनाउने ।
- रसिद नकाटी लैजाने व्यक्तिबाट दोब्बर कर असुली गर्ने ।
- सम्पूर्ण ट्याक्टर चालक तथा ट्याक्टर धनीको विवरण तयार गरी यस सम्बन्धमा जानकारी गराउने ।
- यस गाउँपालिका भित्र विभिन्न स्थानहरुमा व्यवसायीहरुले आफूखुसी वालुवा,ढुङ्गा,गिट्टि जस्ता सामानको मूल्य लिने गर्दा उपभोक्ता मारमा पर्ने गरेकोमा लमजुङ् जिल्लाको आ.व. २०७४/०७५ को लागि स्वीकृत जिल्ला दररेटलाई आधार मानि तल उल्लेखित समिति गठन गर्ने र उक्त समितिले ती सामानहरुको मूल्य निर्धारण तथा ढुवानी भाडा निर्धारण गरि यथाशिघ्र गाउँपालिकामा प्रतिवेदन वुझाउनु पर्ने निर्णय गरियो ।

  संयोजक- श्री प्रेम बहादुर वस्नेत
  सदस्य- श्री चेत बहादुर गुरुङ्
  सदस्य- श्री युवा घले
  सदस्य- श्री हिरा देवी घले
  सदस्य- श्री नारायण बहादुर थापा
  सदस्य - श्री श्रीप्रसाद गुरुङ्

३. मर्स्याङदी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/७५ को वजेटबाट ल्याण्डफिल्ड साइड निर्माणका लागि रु १५ लाख विनियोजन भएकोमा सोको निर्माण तथा व्यवस्थापन गर्नका लागि **ल्याण्डफिल्ड साइड निर्माण उपभोक्ता तथा व्यवस्थापन समिति** गठनका लागि सहजीकरण गरीदिने निर्णय गरियो ।

४. निम्न लिखित सरोकारवाला तथा संघ संस्थाहरु सहभागि हुने गरि वडा स्तरीय संयुक्त भेला कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

वन उपभोक्ता समिति,युवा क्लव, वडा स्तरीय यूवा तथा खेलकुद समिति, महिला समिति,जेष्ठ नागरिक समिति,अपाङ्ग समिति, किसान समिति का अध्यक्ष र सचिव - अनुमानित ४६ जना

- टोल सुधार समितिका संयोजक - अनुमानित १० जना
- आमा समुहहरुका अध्यक्ष - अनुमानित १५ जना
- सहकारी संस्थाका अध्यक्ष तथा प्रवन्धक - अनुमानित ६ जना
- सरकारी तथा गैर सरकारी संस्थाका प्रमुखहरु ( स्वास्थ्य,वन आदि ) - अनुमानित २ जना
- गाउँपालिका स्तरीय किसान,यूवा तथा खेलकुद,महिला, जेष्ठ नागरिक समितिका अध्यक्षहरु - अनुमानित ४ जना
- कृषि विकास, पशुसेवा र स्वास्थ्य शाखाका शाखा प्रमुखहरु - ३ जना
- सम्बन्धित वडाका वडा अध्यक्ष, वडा सदस्य र वडा सचिव -६ जना
- सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद व्यवस्थापन समिति, विधेयक समिति का संयोजक - ६ जना
- प्रमुख प्रशासकीय अधिकृत - १ जना
- गा.पा. उपाध्यक्ष - १ जना
- गा.पा. अध्यक्ष - १ जना

साथै यो कार्यक्रम गर्नका लागि प्रस्तावित मिति निम्नानुसार रहने निर्णय गरियो ।

वडा नं. ७ मा - फाल्गुन २६ गते

वडा नं. ४ मा - चैत्र २ गते

वडा नं. ९ मा - चैत्र ९ गते

वडा नं. ८ मा - चैत्र १३ गते

वडा नं. ५ मा - चैत्र २० गते

वडा नं. ३ मा - चैत्र २५ गते

वडा नं. ६ मा - चैत्र २८ गते

वडा नं. २ मा - वैशाख ८ गते

वडा नं. १ मा - वैशाख १४ गते

५. यस मर्स्याङ्दी गाउँपालिका लाई प्राविधिक काम गर्नका लागि कर्मचारी कम भएको र मिति २०७४/०८/१८ मा ईन्जीनियरको विज्ञापन भएको तर कुनै पनि दरखास्त नपरेको हुँदा कार्यालयको काममा सहयोग पुर्‍याउनका लागि हाललाई करारमा रहने गरी सव-ईन्जीनियर पदको विज्ञापन गर्ने निर्णय गरियो ।

६. गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा हुने क्यानोनिङ् खेलका लागि विदेशी नागरीकका लागि प्रति व्यक्ति प्रति दिन रु २००।- र स्वदेशी नागरीकका लागि प्रति दिन प्रति व्यक्ति रु १००।- शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

७. स्थानीय तह सञ्चालन ऐनको दफा ७९ ले कार्यपालिकाले स्वीकृत बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ भन्ने उल्लेख भएकोमा मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले ईन्धन खर्चमा रु १० लाख विनियोजन गरेकोमा सो रकम मध्येबाट रु २ लाख ५० हजार पूँजीगत शीर्षकमा रकमान्तर गरी सो रकमबाट वडा नं. ८ को कार्यालयको लागि मोटर साईकल खरिद गर्ने निर्णय गरियो ।

८. पञ्चविचार प्रा.वि. को पुरानो भवन गाउँपालिकाको कार्यालयले प्रयोग गर्दै आएको र विद्यालय व्यवस्थापन समितिले पनि गाउँपालिकालाई प्रयोग गर्न दिने भनि निर्णय गरेको तर उक्त भवनको टिन अड्याउन प्रयोग भएका डाँडाँ भाटा तथा टिन जिर्ण भएकोले सो को मर्मत कार्य ईस्टीमेट अनुसार अमानतबाट गर्ने निर्णय गरियो । साथै सो काम विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी गर्ने निर्णय गरियो ।

९.मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/७५ को वजेटबाट मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ मा अवस्थीत सरस्वती सदन आधारभूत विद्यालय नेट जडानका लागि रु १ लाख ५० हजार विनियोजन गरेकोमा नेट जडानका लागि मात्र सो रकम बढी हुने देखिएकोले नेट जडानको काम कायम राख्ने र सो विद्यालयको मञ्च निर्माणको काम पनि अत्यावश्यक देखिएकोले सो रकमबाट मञ्च निर्माणका लागि प्राविधिक ईस्टीमेट अनुसारको रु ७१,०००।- मञ्च निर्माणमा प्रयोग गर्ने निर्णय गरियो ।

१०. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/७५ को वजेटबाट वजेट विनियोजन भएको मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ को क्र.स. २० को आयोजनाको नाम भंगेरी सामुदायिक भवन मर्मत हुनु पर्नेमा त्रुटीवस वंगेरी सामुदायिक भवन मर्मत भएकोमा सो आयोजनाको नाम **भंगेरी सामुदायिक भवन मर्मत** कायम गर्ने निर्णय गरियो ।

११. मर्स्याङ्दी गाउँपालिकाको गाउँसभाले आ.व. २०७४/७५ को वजेटबाट वजेट विनियोजन भएको मर्स्याङ्दी गाउँपालिका वडा नं. १ को क्र.स. १७ को आयोजना जनजागृति आमासमूह भवन निर्माण नायुँ हुनुपर्नेमा जनजागृति आमासमूह भवन निर्माण फेजो भएको र फेजो सामुदायिक भवन निर्माण भन्ने छुट्टै आयोजना रहेकोले सो आयोजनाको नाम **जनजागृति आमासमूह भवन निर्माण नायुँ** गर्ने निर्णय गरियो ।

१२. २०७४/११/०७ गते गाउँ कार्यपालिकाको बैठक सिउरुङ् होम स्टेमा बसेको र प्रजातन्त्र दिवसको उपलक्षमा सिउरुङ् गाउँको सरसफाई गर्ने निर्णय गरियो ।

१३. मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ मा अवस्थित सिउरुङ् गाउँमा विगत लामो समय देखि नै होम स्टे सञ्चालन हुँदै आएको र होम स्टे लाई अझै सुधार तथा परिमार्जन गर्नका लागि होम स्टे सञ्चालन भएका घरहरुको अनुगमन गरी सुझावहरु दिने निर्णय गरियो ।